# एक™

## मिनेट साक्षी

सजिलो रुपमा विश्वास बाँड्ने

# यदि परमेश्वरले तपाईंलाई हरेक दिन उहाँलाई एक मिनेट दिन भन्नु भयो भने, के तपाईं तयार हुनुहुनेछ?

के तपाईं खुशी हुनुहुन्न कि कसैले तपाईंसँग आफ्नो विश्वास साझा गर्नुभयो? यदि येशू नै जवाफ हुनुहुन्छ भने, के हामीले यस टुटेको संसारमा अरूसँग उहाँका समाधानहरू सक्रिय रूपमा बाँड्नु पर्दैन र?

“म? आफ्नो विश्वास साझा गर्ने?”

हो—परमेश्वरले तपाईं र मलाई उहाँका राजदूतहरू,

उहाँको आवाज, उहाँको धड्किरहेको हृदय हुनका लागि छान्नुभएको छ। किनभने उहाँको जीवन परिवर्तन गर्ने प्रेमको सबैभन्दा राम्रो प्रमाण हामी नै हौं। हामी उहाँको अनुग्रहका जीवित गवाही हौं।

सायद तपाईं यसो सोच्दै हुनुहुन्छ होला कि “सुसमाचार

बाँड्न धेरै गाहो छ,” वा “यो त पास्टरको काम हो।” वा कसैले गाहो प्रश्न सोध्ला कि भनेर तपाईं डराइरहनुभएको छ।

यी विचारहरू र डर नयाँ होइनन् । यी हाम्रो आफ्नै असुरक्षाबाट आउने रचनात्मक सोच र आत्मिक डरहरूको प्रतिबिम्ब मात्र हुन् । परमेश्वरले सबै ख्रीष्टियनहरूलाई आफ्नो विश्वासको कथा बाँड्न निम्तो दिनुहुन्छ । हामिले विश्वास बाँड्दा अरूले मात्र आशीष पाउँदैन्न तर हामी आफैं पनि आशीषित हुन्छौं । त्यसमाथि, परमेश्वरले हामीलाई सहायता गर्न पवित्र आत्मा दिनुभएको छ, त्यसैले हामी यो काम कहिल्यै एक्लै गर्दैनौं।

आउनुहोस्, आज नै! असुरक्षाको त्यो आवाज बन्द गर्ने निर्णय गरौं र करूणाले भरिएको उहाँको आवाज सुन्न सक्ने कानहरू हामीलाई दिनुहोस् भनि परमेश्वरसँग प्रार्थना गरौं।

हामी सबैले यो गर्न सक्छौँ। हामी सबैसँग आफ्नो- आफ्नैं कथा छ, र यो **एक मिनेटको साक्षी™** उपकरणले यसलाई अझ सजिलो र रमाइलो बनाउँछ । यो **एक मिनेटको साक्षी™** उपकरण सिकेर प्रयोग गरेपछि, एक जना पास्टरले यसो भन्नुभयो:

“आफ्नो विश्वास साझा नगरी मैले यति धेरै वर्ष खेर फालेछु भन्ने सोच्दा दुःख लाग्छ । तर अब भने म हरेक दिन आत्मविश्वासका साथ यो गर्न सक्छु।”

... र तपाईं पनि गर्न सक्नुहुन्छ!

टम एली

# पवित्र आत्मालाई **आमन्त्रित गर्दै**

**एक मिनेटको साक्षी™** साधन येशूको जीवन परिवर्तन गर्ने कथा साझा गर्न सहयोग गर्ने एउटा सरल माध्यम मात्र हो। यो केवल एउटा उपकरण मात्र हो। यो सन्देश होइन । हाम्रो आत्मविश्वास पवित्र आत्माको अगुवाइमा र उहाँको क्षमतामा आधारित हुनुपर्छ, जसले “सबै मानिसहरूलाई आफूतर्फ आकर्षित गर्नुहुन्छ” (यूहन्ना १२:३२) ।

येशू प्रायः अपरिचित मानिसहरूसँग नजिकिनु हुन्थ्यो— जस्तै इनारको छेउमा भेटिएकी सामरी स्त्रि, रुखमा चढेका जक्कै, र कर उठाउने मत्ति । कहिलेकाहीँ उहाँले पहिले सम्बन्ध बनाउनु हुन्थ्यो र त्यसपछि उहाँले सुसमचार बाँड्नु हुन्थ्यो । तर हरेक अवस्थामा, उहाँ परमेश्वरको आवाज सुन्न र आज्ञा पालन गर्न छिटो हुनु हुन्थ्यो, र करुणाले सधैं उहाँलाई प्रेरित गर्थ्यो ।.

त्यसो भए, तपाईं कहिले, कसरी, र कससँग आफ्नो विश्वास साझा गर्नुहुन्छ? हरेक दिन यो प्रार्थनाबाट सुरु गर्नुहोस्:

**“ प्रभु, आज म उपलब्ध छु!”**

# एक
## मिनेटको साक्षी उपकरण


पृष्ठ


**१. अनुमति माग्ने**
म तपाईंलाई एउटा प्रश्न सोधूँ ? ६

**२. ख्रिष्टपूर्व (BC) ख्रिष्टमा विश्वास गर्नुभन्दा पहिले**
त्यसबेला मेरो जीवनमा यस्तो अवस्था थियो... ८

**३. ख्रिष्टतर्फ (TP) ख्रिष्टतिर फर्किएको क्षण**
त्यसपछि एकदिन...
जब मैले येशू मेरै पापको
कारण मर्नुभयो भन्ने कुरा सुने, म... १०

**४. त्यसपछि (AD) ख्रिष्टमा विश्वास गरेपछि**
मैले ख्रिष्टलाई पाएपछि... १२

**५. यदि मैले ख्रिष्टलाई नचिनेको भए, म ...** १४



# अनुमति माग्ने

किनभने परमेश्वरले मानिसहरूलाई प्रेम गर्नुहुन्छ, उहाँ चाहनुहुन्छ कि हामी उनीहरूलाई येशूको बारेमा बताऔं,चाहे उनीहरू अपरिचित होउन वा साथीहरू । यहाँ सुरु गर्ने एउटा राम्रो तरिका छ:

**अनुमति माग्ने**

जब हामी आफ्ना विचारहरू साझा गर्नुअघि मानिसहरूबाट अनुमति माग्छौं, हामी उनीहरूलाई सम्मान देखाउँछौं, र उनीहरूको मनको प्रतिरोध कम हुन्छ। यहाँ कुराकानी अघि बढाउने केही तरिकाहरू छन्। ⟶

एक
मिनेट साक्षी

**यी ५ सजिलो चरणहरू सम्झन आफ्नो औंलाहरू प्रयोग गर्नुहोस्!**

## (एउटा प्रश्न छान्नुहोस् वा आफ्नै लेख्नुहोस्।)

"म एउटा असाइनमेन्टमा काम गरिरहेको छु। के म तपाईंलाई एउटा प्रश्न सोध्न सक्छु?"

"तपाईंको जीवनमा सबैभन्दा खुशीको समय के हो सम्झना छ ?"

"मेरो जीवनको सबैभनदा खुशीको कथा सुनाऊँ ?"

"मलाई थाहा छ कि हाम्रो संसारमा धेरै किसिमका डरहरू छन् । के म तपाईंलाई मैले कसरी मेरो डरलाइ जिते भनेर बताउन सक्छु?"

"आज म यहाँबाट जानुअघि, के तपाईंसँग मेरो कथा सुन्ने एक मिनेट समय छ?"

एक
मिनेट साक्षी

**यी ५ सजिलो चरणहरू सम्झन आफ्नो औंलाहरू प्रयोग गर्नुहोस्!**



# ख्रिष्टपूर्व

**(B.C.)**

ख्रिष्टमा विश्वास गर्नुभन्दा पहिलेको कथा सुरु गर्नु अघि **पृष्ठ १६ हेर्नुहोस्।**

ख्रिष्टलाई विश्वास गर्नुभन्दा पहिलेको हामि हरेकको जीवन कथा छ।

**यो हाम्रो 'B.C.' (ख्रिष्टलाई चिन्नु अघिको) क्षण हो।**

आफ्नो जीवनको त्यो समय सम्झनुहोस्, जब तपाईंलाई सबै कुरा खाली, अनिश्चित वा टुटेको जस्तो लाग्थ्यो। त्यहींबाट तपाईंको कथा सुरु गर्नुहोस्।

येशूलाई चिन्नुभन्दा पहिले तपाईंका पापपूर्ण र टुक्रेका स्वभवहरू के–के थिए, तिनको वर्णन गर्नुहोस्।

तपाईंको वाक्य यसरी सुरु गर्नुहोस्:

**"त्यसबेला मेरो जीवनमा यस्तो अवस्था थियो..."**

एक
मिनेट साक्षी

**यी ५ सजिलो चरणहरू सम्झन आफ्नो औंलाहरू प्रयोग गर्नुहोस्!**

सायद तपाईं एक्लो हुनुहुन्थ्यो, घमण्डिलो हुनुहुन्थ्यो वा जीवनको उद्देश्य हराएको महसुस गर्ने व्यक्ति हुनुहुन्थ्यो होला। सायद तपाईं सफल हुनुहुन्थ्यो तर जीवनमा कुनै अर्थ थिएन होला, धेरै अपराधबोध वा चिन्ता थियो होला। सायद तपाईं निराश हुनुहुन्थ्यो, परमेश्वरसँग रिसाउनुहुन्थ्यो होला , वा मर्न डराउने व्यक्ति हुनुहुन्थ्यो होला। यस्ता अनुभवहरू धेरै हुन सक्छन् ।

सायद तपाईंले आफ्नो जीवन सानै उमेरमा ख्रीष्टलाई समर्पण गर्नुभएको हो र परिवर्तनको कुनै क्षण याद छैन होला। तर तपाईंले क्षमाको आवश्यकता महसुस गर्नुभएको, अपराधबोधको भावना आएको, र परमेश्वर हुनुहुन्छ भनेर थाहा पाउनुभएको क्षण याद होला।

तपाईंले आफ्नो (B.C.) येशूलाई भेट्नुअघिका दिनहरू बताउँदै जाँदा, तपाईंको कथाले आकार लिन थाल्छ। र अब पृष्ठ १६ मा यो वाक्य पूरा गर्नुहोस्।

**का लागि तीन वटा विशेषण वा वाक्यांश लेख्नुहोस्:**
**"त्यसबेला मेरो जीवनमा यस्तो अवस्था थियो..."**



# ख्रिष्टतर्फ (TP)

## ख्रिष्टतिर फर्किएको क्षण

"र त्यसपछि एक दिन..."

यो त्यो क्षण हो जब सबै कुरा परिवर्तन भयो। तपाईंको ख्रिष्टतिर फर्किएको क्षण त्यो हो, जब तपाईंले येशू को हुनुहुन्छ र उहाँले तपाईंको लागि के गर्नुभयो भन्ने कुरा महसुस गर्नुभयो।

सायद कसैले तपाईंलाई सुसमाचार सुनायो होला। सायद कठिन समयको बीचमा तपाईंले परमेश्वरलाई पुकार्नुभयो होला, वा उहाँको प्रेम यस्तो रूपमा तपाईंले अनुभव गर्नुभयो जसलाई तपाईंले बेवास्ता गर्न सक्नुभएन।

## यहाँ (TP)- ख्रिष्टतर्फ फर्किंएको क्षणको एउटा उदाहरण छः

"एकदिन कसैले मलाई साँच्चिकै प्रेम गर्नुहुने एकजना परमेश्वर हुनुहुन्छ भनि बतायो । जुन परमेश्वर व्यक्तिगत हुनुहुन्थ्यो, टाढा होइन, र उहाँले मलाई सधैंभरि उहाँसँग स्वर्गमा बस्न निमन्त्रणा दिनुभयो । तर म मा एउटा समस्या थियो । स्वर्ग सिद्ध छ, तर म सिद्ध छैन, त्यसैले म त्यहाँ प्रवेश गर्न सक्दिनथेँ ।

तर परमेश्वरले मेरो लागि एउटा बाटो बनाई दिनुभयो । उहाँले आफ्नो पुत्र येशू ख्रीष्टलाई मेरो पापहरूको दण्ड तिर्न र मर्न पठाउनुभयो । जब मैले बुझें कि येशू मेरा पापहरूको लागि मर्नुभयो र फेरि जीवित हुनुभयो, "मैले उहाँलाई मेरो जीवनको अगुवा  बन्न निम्तो दिएँ ।"

## तपाईं येशूतिर  फर्किंएको क्षण के हो ?

तपाईंले येशूको बारेमा कसरी सुन्नुभयो?
तपाईंले के गरिदिनुहोस् भनेर येशूलाई भन्नुभयो ?

**यसको जवाफ पूष्ठ १७ मा लेख्नुहोस् ।**

# ख्रिष्टमा विश्वास गरेपछि

**(A.D.)**

तपाईंको ख्रिष्टमा विश्वास गरेपछिको कथा सुरु गर्न **पृष्ठ** १८ **हेर्नुहोस्।**

## A.D. को अर्थ ख्रिष्टमा विश्वास गर्ने निर्णय पछि हो ।

यो हाम्रो कथाको सबैभन्दा सजिलो र रमाईलो भाग हो, किनकि हामी ख्रीष्टले हाम्रो जीवनमा गर्नुभएको सकारात्मक परिवर्तनको बारेमा कुरा गर्न पाउँछौं।

तपाईंको सोचाइ कसरी परिवर्तन भएको छ? तपाईंले तनाव, सम्बन्धहरू, वा जीवनको उद्देश्यलाई पहिलेको भन्दा अहिले कसरी फरक तरिकाले सामना गर्नुहुन्छ?

सायद तपाईंले नयाँ शान्ति,नयाँ आनन्द, नयाँ मित्रता, क्षमा, वा स्वर्गको प्रतिज्ञा अनुभव गर्नुभएको हुन सक्छ !

आफ्नो लागि साँचो र वास्तविक कुरामा ध्यान दिनुहोस्। यस्लाई छोटो र व्यक्तिगत राख्नुहोस्।

## तपाईंको वाक्य यसरी सुरु गर्नुहोस्:
## **"मैले ख्रिष्टलाई भेटेपछि, म..."**

## यहाँ ख्रिष्टमा विश्वास गर्ने निर्णय पछि (A.D.) को उदाहरण छ:

"मैले ख्रिष्टलाई भेटेपछि, म सँगा नँया उद्देश्य, नयाँ आनन्द आएको छ, र म मरेपछि स्वर्ग जान सक्छु भन्ने आत्मविश्वास मैले पाएको छु।"

येशूले तपाईंको जीवनमा गरिदिनु भएका असल कामहरू के के हुन्, तीन वटा विशेषणगरू प्रयोग गरेर वर्णन गर्नुहोस् ।

## एकैछिन मनन गर्नुहोस्।

तपाईंको तयारी सकेपछी आफ्ना उत्तरहरू लेख्न पृष्ठ १८ पल्टाउनुहोस्।

# मैले ख्रिष्टलाई नचिनेको भए, म...

कल्पना गर्नुहोस् —यदि तपाईंले येशूलाई कहिल्यै नचिन्नु भएको भए तपाईंको जीवन कस्तो हुन्थ्यो होला ? डर लाग्दो सुनिन्छ, हैन र? अघि ख्रिष्टमा विश्वास गरेपछि (A.D) मा तपाईंले वर्णन गर्नुभएको ती आशीषहरू तपाईंमा पक्कै पनि हुने थिएनन् ।

यदि तपाईंले येशूलाई कहिल्यै नभेट्नु भएको भए तपाईंको जीवन कस्तो हुन्थ्यो भन्ने कुरा सोच्दै अब आफ्नो कथा टुंग्याउनुहोस्। जब तपाईं बोल्नुहुन्छ, सुन्ने व्यक्तिले तपाईंको हृदय महसुस गर्नेछ । केही मानिसहरू भन्छन् कि उनीहरूको जीवन खाली, अर्थहीन, वा अझै पनि उद्देश्य खोज्दै हुने थियो होला । केहि मानिसहरूले भन्न सक्छन् कि उनीहरू जेलमा, लागूऔषधमा फसेका, सम्बन्धविच्छेद भइसकेका, वा मरेकै पनि हुन सक्थे ।

जीवन पूर्ण रूपमा फरक हुनेथियो।

जब तपाईंले यि कुराहरू प्रश्तुत गरि सक्नु हुन्छ,उनिहरूलाई मेरो कुरा सुनिदिनुभएको लागि धन्यवाद भन्नुहोस् ।

मलाई भनिएको थियो कि औसत व्यक्तिले करिब ७ पटक सम्म सुसमाचार सुने पछि मात्र ख्रीष्टलाई आफ्नो जीवन समर्पण गर्ने निणय गर्छन् । हाम्रो तुरुन्तको लक्ष्य उनीहरूलाई ख्रीष्टतर्फ जित्नु होइन, तर आफ्नो साक्षी मार्फत बीउ रोप्नु हो । त्यसभन्दा बढी भयो भने, त्यो अतिरिक्त आशीष हुनेछ!

यदि उनीहरू थप कुरा गर्न खुला छन् भने तपाईंले उनीहरूका प्रश्नहरूको जवाफ दिन सक्नुहुन्छ । तर सिद्धान्तहरूको बारेमा बहसमा नपर्नुहोस् । तपाईंको कथाको शक्ति भनेको आफ्नो हृदय सिधै साझा गर्नु हो । यो त्यो अन्धो मानिस जस्तै हो जसले भन्यो, "मलाई निको पार्ने त्यो मानिसको बारेमा मलाई धेरै थाहा छैन। मलाई यति मात्र थाहा छ कि म पहिले अन्धो थिएँ, तर अहिले देख्छु।" ( यूहन्ना ९:२५)

तपाईंको जवाफ पृष्ठ १९ मा लेख्नुहोस्:
**मैले ख्रिष्टलाई नचिनेको भए, म...**

## तीन विशेषण वा वाक्यांशहरूले आफ्नो कुरा टुङ्ग्याउनुहोस्ः

"त्यसबेला मेरो जीवनमा यस्तो समय थियो..."

१. ______________________________

______________________________

२. ______________________________

______________________________

३. ______________________________

______________________________

## तपाई येशूतरि फर्‌कएिको क्‌षण के हो ?

### १. तपाईंले कसरी येशूको विषयमा सुन्नुभयो ?

"त्यसपछि एकदिन..."

______________________________

______________________________

______________________________

### २. यसो भन्दै टुङ्ग्याउनुहोस्ः

"मैले येशू मेरा पापको लागि मर्नुभयो र मृत्युबाट बौरिउठ्नुभयो भन्ने सुनेंपछि मैले उहाँलाई निम्त्याएँ... " ____________________

______________________________

____________________________

# येशूले तपाईंको जीवनमा गर्नुभएका असल कुराहरु के हुन् ?

"येशूलाई मैले भेट्टाएपछि, म..."

१. ______________________________

______________________________

२. ______________________________

______________________________

३. ______________________________

______________________________

# येशूबिना तपाईंको जीवन कस्तो हुदो हो ?

“यदि मैले येशूलाई नपाएको भए, म...”

**“मेरो कुरा सुनिदिनु भएको लागि धन्यवाद । येशूले तपाईंलाई धेरैधेरै प्रेम गर्नुहुन्छ ।”**

# अझै अगाडि बढेर...

तपाईंले एक मिनेटको साक्षी सुनाइसकेपछि उनीहरूलाई यि प्रकारका प्रश्नहरू सोध्नुहोस्:

१. “त्यसोभए तपाईंलाई के लाग्छ ? यदि तपाईं आज राती नै मर्नुभयो भने, के तपाईं स्वर्गमा जानुहुन्छ ?”

२. “तपाईंको विचारमा मानिस स्वर्ग कसरी पुग्छ?”

३. “तपाईं स्वर्ग जान सक्नुहुन्छ भन्ने कुरा बाइबलले कसरि बताएको छ, म बताऊँ ?”

यदि उनिहरू सकारात्मक देखिए भने यी कुराहरू सिकाउनुहोस्।

१. **मानिलिनुः** मैले पाप गरेको छु, र मेरा पापले मलाई पवित्र परमेश्वरबाट अलग्याएको छ। (रोमी ३:२३)

२. **विश्वास गर्नुः** मेरो पाप क्षमा गर्न भनी येशू क्रुसमा मर्नुभयो। अनि मृत्युबाट बौरिउठ्नुभएर एकमात्र सत्य परमेश्वर हुनुभएको प्रमाण दिनुभयो। (रोमी १०:९-१०)

३. **स्वीकार गर्नुः** म मेरा पाप येशूको सामुन्ने स्वीकार गर्छु र मेरो येशूलाई मेरो जीवनको अगुवा हुन अनुरोध गर्छु। (१ यूहन्ना १:९)

उनीहरूले यी चरणहरू बुझे भने यो मुख्य प्रश्नहरू सोध्नुहोस्ः

**"आजै आफ्नो जीवन येशूमा समर्पण गर्न तपाईंलाई के ले रोक्छ त ?"**

यदि केहि कुराले रोक्दैन भन्ने जवाफ आयो भने, यो प्रश्न पनि सोध्नुहोस्,

**"परमेश्वरको सहायतामा बाइबलले 'पाप' मानेका सबै कुराबाट फर्किंआउन र आजउसो दिनहुँ येशूलाई पछ्याउन तपाईं तयार हुनुहुन्छ ?"**

# तपाईंको
# कथा टुङ्याउँदै गर्दा...

सुसमाचार सुनाइँदै गरेको व्यक्तिले “हुन्छ” भनेमा स्वीकारोक्तिको प्रार्थना मनैदेखि दोहोर्याउन लगाउनुहोस् अथवा ‘मुक्तिको गीत’ गाउन लगाउनुहोस् ।
[पृष्ठ २५ मा भेट्टाउहुनेछ]

प्रार्थना गरिसकेपछि उसलाई बधाइ दिँदै यि तीनवटा कुरामा ध्यान दिन लगाउनुहोस्ः हरेक दिन बाइबल अध्यन गर्नुपर्छ, दिनहुँ प्रार्थाना गर्नुपर्छ, अनि पायक पर्ने ठाउँमा भएको मण्डिलमा हरेक हप्ता सङ्गति गर्नुपर्छ। फोन नं. ईमेल अथवा अन्य उपयुक्त ठेगाना साटासाट् गर्नुहोस् र २४ घण्टा नबित्दै फेरि एकपल्ट सम्पर्क गरि बधाइ दिनुहोस् ।

एक
मिनेट साक्षी

जब तपाईं उसलाई सम्पर्क गर्नुहुन्छ, उसलाई यूहन्ना ३:१६-१७ पढ्न लगाउनुहोस् र उसको जीवनमा त्यसको अर्थ के हुन्छ भनि सोध्नुहोस् । त्यसपछि, उसका लागि के को निम्ति प्रर्थाना गरिदिनुपर्छ भनी सोध्नुहोस् र तपाईंसँग मण्डलि जान अथवा सानो झुन्डमा संगति गर्न निमन्त्रणा गर्नुहोस् ।

**उनिहरूलाई दिनको लागि हम्रो फलो-अप वेबसाइट यहाँ छः**

**np.frostygrapes.com**

"प्रभु येशू, म आज उपलब्ध छु । कृपया आज मेरा कथा बताउने एउटा अवसर दिनुहोस् । आमेन ।"

एक
मिनेट साक्षी

एक
मिनेट साक्षी

# उद्धारको गीत

क्रूसमा मर्नुभयो येशू
र जिउनुभो खोज्न पापीलाई
क्षमा गर्नुहोस् दोष र पाप
मुक्तिदाता प्रभु मित्र
जीवन मेरो नौलो बनाउनुहोस्
केवल बाँच्न तपाईंको निम्ति ।

**गीत सुन्नको लागि**
NP.ONEMINUTEWITNESS.ORG

उद्धारको गीत
म्याट र शेरी म्याकफेर्सनद्वारा लिखित ।
© २००४ मुक्ति कविता प्रतिष्ठान, Inc.
सम्पूर्ण अधिकार सुरक्षित ।
WWW.THESALVATIONPOEM.COM

एक
मिनेट साक्षी

# सहजकर्ताका लागि सुझावहरू

१. **दयाको परिचय दिने**
मत्ती ९:३६ बाट

२. **उनिहरूलाई याद गर्न १ मिनेट दिनुहोस्**
उनीहरूलाई ५ औंलाहरू सिक्न मद्दत गर्नुहोस् (पृष्ठ ५)।

३. **प्रत्यक औंलाअनुसार एक मिनेटमा साक्षी बन्न सिकाउने**

- औंलैपिच्छे पुस्तिकाबाट क्रमस पढ्ने
- सबैले सुन्ने गरी एक-एक गर्दै आफ्नो गवाही बताउने
- उनिहरूलाई 1 मिनेट मैन भएर सोच्नदिनुहोस्, र उनीहरूको प्रतिक्रिया लेख्नुहोस्।
- लेखेको कुरा सबैले थाहा पाऊन् भनेर तीनजनालाई सोध्ने
- आफूले लेखेको कुरा बताउन जोडी- जोडीमा अभ्यास गर्न लगाउने

४. **उद्दारणको रुपमा सबैले सुन्नेगरी तपाईंको पूरा गवाही बताउने**

५. **जोडी - जोडीमा सबैलाई आ-आफ्नो पुरा गवाही भन्न लगाउने**

६. **तरिका परिवर्तन गर्ने र**
जोडी परिवर्तन गरेर अर्को व्यक्तिसित फेरि अभ्यास गर्न लगाउने

७. **यसै क्रमलाई अघि बढाउँदै**
पृष्ठ २०-२१ साथमा पाठ गर्नुहोस् ।

# सहजकर्ताका लागि सुझावहरू

८. **व्यवहारिक प्रयोगबारे अभ्यास** — यि ३ प्रश्नहरू सोध्नुहोस्:
   क. एक मिनेटमा साक्षी दिन सकिन्छ भनी *कतिजनाले बुझ्नुभयो ?*
   ख. सेमिनारबाट बाहिरिएपछि कतिजनाले सिकेअनुसार गर्न सक्नुहुन्छ ?
   ग. यो विधिअनुसार अब कहिले गर्ने ? अर्को साल हो ? कहिले त ?

९. **व्यवहारिक प्रयोगबारे निर्देशन**
"अब हामी सबै बाहिर जाँदैछौँ..."
   क. प्रत्येक व्यक्तिले कम्तीमा ४ जना मानिससँग साझा गर्नुपर्नेछ ।
   ख. [समय लेख्नुहोस्] मा फर्किनुहोस्। (हामी ६०–७५ मिनेट लिनलाई सुझाब दिन्छौं, उनीहरू व्यस्त सार्वजनिक स्थानबाट कति नजिक छन् भन्ने कुरामा निर्भर गर्दछ।)

१०. **सबै फर्किएपछि**
के- कस्तो भयो ? तीनजनालाई सुनाउन मौका दिने

११. **एक्काइस दिने चुनौती** — कुन जोडीले २१ दिनसम्म दिनहुँ साक्षी बाँढने काम गर्नुहुन्छ सोध्नुहोस् ? र यस पुस्तिकाको पछाडिको QR कोड प्रयोग गरेर करारका प्रतिनिधि बन्नलाई साइन अप गर्नुहोस्।

१२. **अर्को कदम** — आउँदो महिना हुने तालीममा एकजना साथी लिई आउन निम्तो दिनुहोस् ।

आफ्नो विश्वासलाई नयाँ स्तरमा लैजान गम्भीर भएका अरूहरूसँग जोडिनुहोस् । र आफ्नो विश्वासको कथा अनलाइन लेखेर आजै साझा गर्नुहोस्!

**ONEMINUTEWITNESS.ORG**

**करारका प्रतिनिधि बन्नुहोस्, हाम्रो ब्लग मा जोडिनुहोस् र यहाँ नि शुल्क उपहारहरू पत्ता लगाउनुहोस्: OASISGIFTS.ORG**

*पुस्तकहरू, संगीत र तपाईंको साक्षीलाई प्रेरित गर्ने माध्यमहरू!*

PO BOX 58
CHAMPLIN, MN
55316 USA

यो एक मिनेट साक्षी™ पुस्तिका, अर्डर गर्न कृपया हामीलाई कल वा इमेल गर्नुहोस्:
oasisworldministries.org or
E-mail: info@oasiswm.org

© २००९, संशोधित २०२५, ओएसिस विश्व सेवाहरू। टम एली र ओएसिस विश्व सेवाकाइ द्वारा लिखित। सबै अधिकार सुरक्षित गरिएको छ । यस पुस्तिकाको कुनै पनि अंश ओएसिस विश्व सेवकाइको लिखित अनुमति बिना कुनै पनि रूपमा परिवर्तन गर्न वा कुनै पनि रूपमा पुन: उत्पादन गर्न सकिंनेछैन।

Version 19.6UDT NEPALI.